नेपाल सरकार
# शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

Website: www.tsc.gov.np

पत्र सङ्ख्या : ०८१/०८२
चलानी नं. : ६४२

मिति : २०८२।०३।०८
नेपाल सम्वत ११४५

विषयः आवेदन रद्द गरिएको बारे ।

**श्री शिक्षा विकास तथा समन्वय इकाई**
**सुनसरी**

उपरोक्त विषयमा आयोगद्वारा कार्यसम्पादनका आधारमा हुने शिक्षक बढुवाका लागि प्रकाशित विज्ञापन नं ५।०८१।०८२ मा सुनसरी जिल्लाबाट आवेदन फाराम भर्ने शिक्षक श्री गणेशबहादुर खड्का (संकेत नं ६३६८०) बाट आवेदन फाराममा श्री हिमालय माध्यमिक विद्यालय बासा, सोलुखुम्बुमा मिति २०५९।०९।९ मा माध्यमिक तहमा अस्थायी नियुक्ति भइ मिति २०७१।०५।२९ सम्म निरन्तर कार्यरत रहेको बेहोरा उल्लेख भएको र श्री वराहक्षेत्र नगरपालिका, सुनसरीबाट निजको सेवा प्रमाणित हुँदा सोही बेहोरा प्रमाणित भएको ।

यस आयोगबाट उक्त विज्ञापनमा परेको उजुरी उपर पुनरावलोकन हुँदा, तहाँबाट प्राप्त कागजात एवम् राष्ट्रिय किताबखाना (शिक्षक) बाट प्राप्त अभिलेख समेतको अध्ययन गर्दा निजले साविक जिल्ला शिक्षा कार्यालय सोलुखुम्बुको च.नं. २१८ मिति २०६१।०५।२९ को पत्रबाट निम्नमाध्यमिक तहको स्थायी शिक्षक नियुक्ति लिइ श्री हिमालय माध्यमिक विद्यालय, बासामा पदस्थापना भएको र सोही कार्यालयको च.नं. १७८ मिति २०७०।०५।२८ को पत्रबाट श्री टाक्सिन्दु माध्यमिक विद्यालय, टाक्सिन्दुमा निम्नमाध्यमिक तह द्वितीय श्रेणीको बढुवा नियुक्ति लिएको देखिएकाले, शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम २६ अनुसार निजको आवेदन फाराम रद्द गरिएको बेहोरा आयोगको मिति २०८२।०३।०६ को निर्णयानुसार अनुरोध छ ।

<u>बोधार्थ</u>
श्री बराहक्षेत्र नगरपालिका
कोशी प्रदेश, सुनसरी ।

2082/03/08
रामचन्द्र शर्मा
उपसचिव